मितिः-२०८०/१०/२६

समयः- विहान ११ वजे

स्थानः- आठविसकोट नगर कार्यपालिकाको बैठक कक्ष

आठविसकोट नगरपालिकाको ९२ औं नगर कार्यपालिका बैठक नगर प्रमुख श्री रवि के.सी. को अध्यक्षता र तपसिल बमोजिमका सदस्यहरुको उपस्थितिमा वस्यो। उक्त बैठकका प्रस्तावहरु र निर्णयहरु देहाय बमोजिम रहेका छन्।

| हस्ताक्षर | क्र.सं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|---|
| | १ | श्री रवि के.सी. | नगर प्रमुख | |
| | २ | श्री धन कुमारी शाही | नगर उप प्रमुख | |
| | ३ | श्री मणिराज शाह | नि.प्रमुख प्रशासकीय अधिकृत | |
| | ४ | श्री देव वहादुर घर्ती | १ नं. वडा अध्यक्ष | |
| | ५ | श्री देव वहादुर यरी | २ नं. वडा अध्यक्ष | |
| | ६ | श्री केशरमान वि.क. | ३ नं. वडा अध्यक्ष | |
| | ७ | श्री नरसिं विष्ट | ४ नं. वडा अध्यक्ष | |
| | ८ | श्री घनश्याम भण्डारी | ५ नं. वडा अध्यक्ष | |
| | ९ | श्री धनेश्वर शर्मा | ६ नं. वडा अध्यक्ष | |
| | १० | श्री अमृत वुढा | ७ नं. वडा अध्यक्ष | |
| | ११ | श्री खकेन्द्र वि.क. | ८ नं. वडा अध्यक्ष | |
| | १२ | श्री जनक वहादुर वटाला | ९ नं. वडा अध्यक्ष | |
| | १३ | श्री गणेश कुमार शाह | १० नं. वडा अध्यक्ष | |
| | १४ | श्री प्रेम वहादुर पुन | ११ नं. वडा अध्यक्ष | |
| | १५ | श्री खुम्मे कुसारी | १२ नं. वडा अध्यक्ष | |
| | १६ | श्री टेक वहादुर थापा | १३ नं. वडा अध्यक्ष | |
| | १७ | श्री हुकुम वहादुर पुन | १४ नं. वडा अध्यक्ष | |
| | १८ | श्री हिरा थापा | कार्यपालिका सदस्य | |
| | १९ | श्री सेतु थापा | कार्यपालिका सदस्य | |
| | २० | श्री कृष्णा घर्ती | कार्यपालिका सदस्य | |
| | २१ | श्री नन्द कुमारी आग्री | कार्यपालिका सदस्य | |
| | २२ | श्री सदिक्षा मल्ल | कार्यपालिका सदस्य | |
| | २३ | श्री यज्ञ वहादुर वि.क. | कार्यपालिका सदस्य | |
| | २४ | श्री सर्जने कामी | कार्यपालिका सदस्य | |
| | २५ | रत्ने कामी | कार्यपालिका सदस्य | |
| अन्य उपस्थितिः- | २६ | श्री कृष्ण वहादुर यरी | जिल्ला समन्वय समिति सदस्य | |
| | १ | श्री निराजन ओली | प्रशासन सहायक पाँचौ | |
| | २ | श्री मानवहादुर वटाला | एम.आइ.एस.अपरेटर | |
| | ३ | श्री टेक वहादुर चन्द | प्रशासन सहायक पाँचौ | |
| | ४ | श्री इश्वर खड्का | कम्प्युटर अपरेटर | |
| | ५ | श्री तस्वीर परियार | का.स. | |
| | ६ | | | |

Scanned with CamScanner

## ९२ औं नगर कार्यपालिका बैठक (मिति २०७९/१०/२६ गते)का निर्णयहरु :-

१. नेपालमा लोकतान्त्रिक गणतन्त्र स्थापनाको आधार बिन्दुको रुपमा रहेको र मिति २०५२ फागुन १ गते शुरु भएको जनयुद्धको सम्झना स्वरुप यही मिति २०८० फागुन १ गतेलाई विभिन्न रचनात्मक कार्य गरी दिवशका रुपमा मनाउन यस नगरपालिका मातहतका सम्पूर्ण सरकारी कार्यालयहरुमा सार्वजनिक विदा दिने।

२. आठविसकोट नगरपालिका अन्तरगतका स्वास्थ्य संस्थाहरुको सेवा प्रवाह थप गुणस्तरीय र प्रभावकारी बनाउने उद्देश्यले निर्माण गरिएको **आठविसकोट नगरपालिकामा फार्मेसी सेवा संचालन सम्बन्धी कार्यविधि २०८०** स्वीकृत गर्ने।

३. यही मिति २०८० कार्तिक १७ गते जाजरकोट रामीडाँडा केन्द्रविन्दु भएर गएको विनाशकारी भूकम्पमा परी यस नगरपालिकाको विभिन्न वडाहरुमा ठूलो धनजनको क्षति भएको विश्लेषण गर्दै राहत तथा पुनस्थापना सम्वन्धी कार्यको समीक्षा गरियो साथै अस्थायी आवास निर्माणको लागि नगरपालिकाको विपद व्यवस्थापन समितितिले स्वीकृत गरेका जम्मा १०३९४ लाभग्राही कायम गरी अनुमोदन गरियो।

४. यस नगरपालिकाको प्रशासनिक केन्द्र रहेको वडा नं ९ नेत्रचोकलाई फराकिलो र व्यवस्थित बनाउनका लागि आठविसकोट नगरपालिका वडा नं ९ निवासी श्री लक्ष्मी कुमारी शाहको नाममा रहेको घर तथा जग्गा समेत प्रयोग गर्नुपर्ने भएकाले सो जग्गा तथा घरको उचित क्षतिपूर्ति/राहत सम्बन्धी प्रतिवेदन ७ दिनभित्र तयार गरी पेश गर्न तपशील बमोजिमको ५ सदस्यीय समिति गठन गर्ने।

**तपशील**

श्री जनक बहादुर बटाला – संयोजक
श्री रत्न बहादुर परियार – सदस्य
श्री राजेन्द्र वटाला – सदस्य
श्री देव बहादुर केसी – सदस्य
श्री निराजन ओली – सदस्य सचिव

५. क्रिश्चियन समुदायहरुको लास व्यवस्थापनका लागि यस नगरपालिकाको वडा नं ११ को पुल्नेखेतको सिमलबोट तल र भेरी नदी किनारसम्मको सार्वजनिक जग्गा प्रदान गर्ने।

६. आठविसकोट नगरपालिका वडा नं ५ निवासी श्री लाल बहादुर भण्डारीले आवश्यक कागजात सहित दिएको निवेदन अनुसार नीजले पेश गरेको **समासिध्द निर्माण सेवा प्रा. लि. आठविसकोट-५ , रुकुम पश्चिमलाई** निर्माण कार्यको इजाजत पत्र प्रदान गर्ने।

७. AMO/NCB/W-04/077/078 को लक्ष्मीनारायण मन्दिरको ठेक्काको म्याद मिति २०८०/०८/०१ गते सम्म रहेकोमा जाजरकोट भूकम्पका कारण निर्धारित समयमा निर्माण कार्य सम्पन्न हुन नसकेकाले उक्त ठेक्काको डिजाइन स्टामेट संशोधन गरी मिति २०८१ असार मसान्तसम्म हुनेगरी म्याद थप गर्ने।

८. AMO/NCB/W-04/080/081 को श्री कालिका मा वि सुन्दरपानीको ठेक्काको Location site परिवर्तन भइ shear wall थप गर्नुपर्ने भएकाले प्रचलित कानुनको परिधिभित्र रही VO गर्ने।

९. खेलकूल विकास समिति आठविसकोटका संयोजक सन्देश विकले जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्डमा यस नगरपालिकाका खेलाडी सहभागी गराए वापत गरेको जम्मा खर्च रु. १२,१५,०००/- मध्ये रु. ७,२५,०००/- भुक्तानी भइसकेकोमा भुक्तानी दिन बाँकी रकम रु . ४,९०,०००/- उपयुक्त शीर्षकबाट भुक्तानी दिने।

१०. आठविसकोट नगरपालिकामा संचालन भएको सिस्ने ट्रेल रेसको महिला र पुंरुषको प्रथम पुरस्कार वापतको रकम नगरपालिकाले उपयुक्त शीर्षकबाट भुक्तानी हुनेगरी व्यहोर्ने।

११. यही मिति २०८० कार्तिक १७ गते राती गएको जाजरकोट भूकम्प प्रभावित घरपरिवारको लागि लाभग्राही कायम गर्न आवश्यक अनुसूची फारमहरु छपाई र प्रहरी मुचुल्का छपाईका लागि भएको खर्च रु. ६,५४,३४१/९२ को भुक्तानी विपद व्यवस्थापन कोषबाट दिने।

१२. इन्द्रेणी सांस्कृतिक परिवारबाट यस नगरपालिकाको प्रकोष व्यवस्थापन कोषमा प्राप्त भएको रकमबाट जाजरकोट भूकम्पमा परी मृत्यु भएका ४४ जनाका घरपरिवारलाई प्रति मृतक ६,०००/- अक्षरुपी छ हजारका दरले हुनेगरी राहत स्वरुप वितरण गर्ने।

२०८०/१०/२५

मणि राज शाह
नि प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

१३. यस नगरपालिकामा भर्ना गरिएका नयाँ नगर प्रहरीहरुको आधारभुत तालिम संचालन गर्दाको खर्च वापतको रकम रु. ६,८१,८८८/- को भुक्तानी कार्यक्रम शीर्षकबाट दिने ।

१४. आठविसकोट नगरपालिका अन्तरगत विभिन्न वडामा कार्यरत कर्मचारीहरु (वडा सचिव)को क्षमता विकास सम्बन्धी तालिममा भएको खर्च रु. २,००,०००/- को भुक्तानी कार्यक्रम शीर्षकबाट दिने ।

१५. जाजरकोट भूकम्प पश्चात यस नगरपालिकामा राहत, उद्दार लगायतका कार्यमा खटिने विभिन्न व्यक्ति आगन्तुक तथा पाहुना लगायतले सन्दिमा होटलमा खाना नास्ता खाए वापतको जम्मा रु २,७६,६४०/- रकम विपद/ प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी दिने ।

१६. आठविसकोट नगरपालिकाको न्यायिक निरुपणमा आवश्यक परामर्श, सल्लाह र सहजिकरण गर्ने गरी र नगरपालिकालाई आवश्यक पर्ने कानूनी सल्लाह समेत प्रदान गर्नेगरी एक जना कानून अधिकृत सेवा करारमा भर्ना गर्ने प्रक्रिया अगाडी बढाउने ।

१७. यस आठविसकोट नगरपालिका र Suswa परियोजनाको सहयोगबाट आठविसकोट नगरपालिकाको लागि निर्माण भएको WASH Plan-२०२३ लाई आवश्यक छलफल गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

मणि राज शाह
नि.प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner